"गुणस्तरीय शिक्षा आजको आवश्यकता"

# अमर माध्यमिक विद्यालय

## काठेखोला गाउँपालिका–५ बिहुँकोट, बागलुङ

स्था : २०२२

### विद्यालयको ५८औं वार्षिकोत्सव समारोहमा प्रस्तुत

# वार्षिक प्रगति प्रतिवेदन २०८०


**प्रतिवेदक**

भिष्म कँडेल

प्रधानाध्यापक


मिति २०८०/११/०२ गते वुधबार

**मिति : २०८० फाल्गुण ०२ गते वुधबार**

**श्री गणेशाय नम :**

**५८ औँ वार्षिकोत्सव समारोह तथा अभिभावक दिवस, २०८०**

## १. पृष्ठभूमि

अमर माध्यमिक विद्यालयको ५८औँ वार्षिकोत्सव समारोह एवम् अभिभावक दिवसका सभापति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री ज्ञामनाथ कँडेलज्यू, विद्यालयका संस्थापक अध्यक्ष पूर्व सांसद श्री गोविन्द प्रसाद शर्मा कँडेलज्यू, प्रमुख अतिथि काठेखोला गाउँपालिकाका उपाध्यक्ष श्री तेज वहादुर थापाज्यू, विशिष्ट अतिथि काठेखोला गाउँपालिका शिक्षा अधिकृत श्री रमा उचैज्यू, विशिष्ट अतिथि श्री श्री मेहर गणका सहसेनानी श्री सुजन दुराज्यू,संस्थापक सदस्यज्यूहरु, जग्गादाता एवं चन्दादाताज्यूहरु, अक्षयकोषका संस्थापकज्यूहरु, विभिन्न कार्यालयबाट पाल्नुभएका कार्यालय प्रमुख तथा प्रतिनिधिज्यूहरु, उपस्थित जनप्रतिनिधीज्यूहरु, छिमेकी विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधिज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, भू.पू. तथा वर्तमान वि.व्य.स.,पि.टि.ए.का अध्यक्ष एवम् पदाधिकारीज्यूहरु, भू.पू. प्र.अ. एवं शिक्षक मित्रहरु, भू.पू. विद्यार्थीहरु, मञ्चासिन शिक्षाप्रेमी एवं भद्र व्यक्तित्वहरु, पत्रकारज्यूहरु, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण अभिभावकज्यूहरु, सहकर्मी शिक्षक तथा कर्मचारी साथीहरु तथा प्यारा विद्यार्थी भाइबहिनीहरु,

सर्वप्रथमत आज यस विद्यालयको ५८ औं वार्षिकोत्सव समारोह एवम् अभिभावक दिवस तथा वसन्त पञ्चमीको पावन अवसरमा यस विद्यालयको स्थापना र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने ज्ञात अज्ञात दिवङ्गत आत्माहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै, उपस्थित सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरुलाई विद्यालयको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्दछु । साथै आ.व. २०७९।०८० को विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## २. विद्यालय विकासको संक्षिप्त इतिहास

बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं ५ पोखरामा अवस्थित सयौ विद्यार्थीहरुको मस्तिष्कमा चेतनाको संचार गर्दै नमुना उन्मुख यस विद्यालयले आफ्नो जीवनका ५८ औं वसन्त पार गरी ५९ औं वर्ष तर्फ प्रवेश गर्न लागेको सुखद् अवसरमा विद्यालय विकासक्रमको गौरवमय इतिहासलाई पुनःस्मरण गराउन पाउँदा म आफूलाई अत्यन्तै भाग्यमानी ठानेको छु ।

२०२२ सालको माघ महिनामा यस क्षेत्रका सामाजिक व्यक्तित्व तथा पूर्व सांसद गोविन्द प्रसाद कँडेलको नेतृत्वमा शिक्षा प्रेमी आम जनसमुदायको अथक मेहनत र साधनाबाट श्री अमर मिडिल स्कुल सेतिचौरको नाममा यस विद्यालयको स्थापना भएको थियो । स्थापनाकाल देखि नै शैक्षिक, भौतिक, व्यवस्थापकीय र आर्थिक अनेकौ समस्या एवं चुनौतिहरुको सामना गर्दै समाजको चाहना र आवश्यकता अनुसार आफुँलाई निरन्तर सुधार र स्तरोन्नती गर्ने सन्दर्भमा मिति २०२६।०८।२७ मा निम्न माध्यमिक तह अर्न्तगत कक्षा ४-७ र मिति २०३६।१०।०४ मा प्राथमिक तह कक्षा १-३ को पठनपाठन संचालनका लागि अनुमति प्राप्त गर्न सफल भएको थियो ।

स्तरोन्नतीकै दौरानमा मिति २०३७।१२।१९ मा कक्षा ८, २०३९।१२।२४ मा कक्षा ९ र २०४०।०४।१७ माकक्षा १० संचालनका लागि अनुमति प्राप्त गरे पछि विद्यालय कक्षा १ देखि १० सम्म पठनपाठन हुने माध्यमिक विद्यालयको रुपमा विकास भएको थियो । यस विद्यालयले २०४० सालमा पहिलो पटक एस.एल.सी. परीक्षामा विद्यार्थीहरुलाई सहभागी गराएको थियो ।

२०४९ साल देखि देशैभरी तत्कालिन उच्च माध्यमिक तहको पठनपाठन सञ्चालन गर्ने लहर चले पछि यस क्षेत्रका विद्यार्थी एवं अभिभावकहरुको माग र चाहना अनुरुप मिति २०५४।०३।१८ मा कक्षा ११ र १२ सञ्चालनको लागि अनुमति प्राप्त गरी कक्षा सञ्चालन गर्न सफल भएको थियो । शिक्षा ऐन २०२८ को सातौ संसोधनले बाल विकास केन्द्रलाई विद्यालय समायोजन गरेपश्चात विद्यालयको मातहतमा रहेको उज्ज्वल बाल विकास केन्द्र पनि विद्यालयमा समायोजन भई हाल विद्यालयय बाल विकास देखि कक्षा १२ सम्म सञ्चालनमा रहेको छ ।

२०७३ सालमा नेपाल सरकारले अघि सारेको नमुना विद्यालय विकास कार्यक्रम अर्न्तगत वागलुङ जिल्ला क्षेत्र नं १ बाट सर्वोत्कृष्ट अंक प्राप्त गर्दै नमुना विद्यालय विकासका लागि सूचिकृत भएको यस विद्यालयले पञ्च वर्षिय नमुना विद्यालय विकास गुरुयोजना निर्माण गरी थुप्रै शैक्षिक, भौतिक र व्यवस्थपकीय कार्यक्रमहरु सम्पन्न गरेको छ ।

वि.सं २०२२ सालमा यस विद्यालय स्थापना गर्दा देखि नमुना विद्यालय विकास कार्यक्रमसम्म आइपुग्न प्रतक्ष परोक्ष सहयोग गर्नुहुने यस क्षेत्रका शिक्षाप्रेमी अभिभावकज्यूहरु, सामाजिक व्यक्तित्वहरु, वि.व्य.स, शि.अ.स, सा.ले.प समितिका पदाधिकारीज्यूहरु, शिक्षकज्यूहरु र विद्यार्थी भाइवहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु।

**सभापति महोदय !**

विद्यालय राष्ट्र निर्माणका कर्णधार उत्पादन गर्ने पवित्र सामाजिक सस्था हो । देशको भविश्य यिनै विद्यार्थीहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तर माथि निर्भर गर्छ । गुणस्तरीय जनशक्ति उत्पादन गर्न हाम्रा विद्यालयहरुलाई गुणस्तरीय रूपमा विकास गर्नु आवश्यक छ । यसको लागि अभिभावक, शिक्षक र विद्यार्थीबिच पारस्परिक सहयोगात्मक र सुमधुर सम्वन्धको विकास हुनु जरुरी छ ।हिजोको परम्परागत पद्धतिमा परिवर्तन गर्दै शिक्षक, विद्यार्थी, अभिभावक, लगायतको सोच, चिन्तन र कार्यशैलीमा फेरबदल ल्याउनुपर्ने छ । यसका लागि विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण महानुभावहरुबाट साथ र सहयोगको अपेक्षा राख्दछु । साथै यहाँहरुको अमूल्य सहयोग, सल्लाह र सुझावको निरन्तरताको लागि हार्दिक आग्रह समेत गर्दछु ।

## ३. वर्तमान अवस्था

**सभापति महोदय !**

आफ्नो संघर्षशिल जीवनका ५७ औं वर्षहरु पार गरी आज ५८ औं वार्षिकोत्सवको यस क्षण सम्म आइपुग्दा विद्यालयले शैक्षिक, भौतिक र व्यवस्थापकिय सुधारका क्षेत्रमा थुप्रै कार्यहरू सम्पन्न गरेको छ । विद्यालयले हाल सञ्चालन गरेका केहि प्रमुख असल अभ्यासहरु प्रस्तुत गर्न चाहन्छु ।

### क. शैक्षिक पक्ष :

१. शैक्षिक सत्र २०८० मा बाल विकास कक्षा देखि कक्षा १२ सम्म १९२ जना छात्रा र २०९ जना छात्र गरी कुल ४०१जना विद्यार्थीहरु अध्ययन गरिरहेका छन । त्यस मध्ये १५९ जना दलित विद्यार्थीहरु रहेका छन् भने ६५ जना जनजाती विद्यार्थीहरु रहेका छन ।

२. चालु शैक्षिक सत्र २०८० मा यस विद्यालयमा ५४ जना नयाँ विद्यार्थी भर्ना भएको व्यहोरा जानकारी गराउन चाहन्छु । यस वर्ष कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षामा ३५ जना, माध्यमिक शिक्षा परीक्षा (SEE) मा ४५ जना र कक्षा १२ को वोर्ड परीक्षामा ५४ जना विद्यार्थीहरु सहभागी हुँदै छन् ।

३. विद्यार्थीको सर्वाङ्गीण विकासको लागि विद्यार्थीहरुलाई ४ सदनमा विभाजन गरी सदनात्मक र तहगत रुपमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

४. विद्यार्थिहरुको बहु–आयामिक विकासका लागि शैक्षिक क्यालेण्डर अनुसार तहगत रुपमा शुक्रवारीय विविध अतिरिक्त क्रियाकलापहरु संचालन हुँदै आइरहेका छन् । यि कार्यक्रमहरुमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई थप प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

५. विद्यालयबाट लिइने प्रत्येक परीक्षा पछाडी नतिजा प्रकाशन तथा विश्लेषणका साथै अभिभावक भेला आयोजना गर्ने गरिएको छ । जसबाट विद्यार्थीका कमीकमजोरी सुधार गर्न महत्वपूर्ण सहयोग पुग्ने गरेकोछ ।

६. सिकाई उपलब्धी वृद्धि गर्नका लागि बाल विकास कक्षा, केजी कक्षा र कक्षा १ देखि १२ लाई ४ तहमा विभाजन गरी तहगत संयोजकको जिम्मेवारी प्रदान गरिएको छ । जसमा आधारभूत तह (वाल विकास देखि कक्षा ५) को संयोजकमा शिक्षक श्री भुमिराज कँडेल, आधारभूत तह (कक्षा ६–८)को संयोजकमा शिक्षक श्री राधा शर्मा पौडेल, माध्यमिक तह (कक्षा ९–१०) को संयोजकमा शिक्षक श्री भानुभक्त न्यौपाने र माध्यमिक तह (कक्षा ११–१२) को संयोजकमा शिक्षक श्री अग्नीराज जोशी रहनुभएको छ।

७. शिक्षण सिकाइलाई समयानुकुल एवं सूचना प्रविधि मैत्री रुपमा सञ्चालन गर्ने अभिप्राय अर्न्तगत कक्षा ९–१२ मा मल्टिमिडिया (प्रोजेक्टर) को स्थायी व्यवस्थापन गरी नियमित सञ्चालनमा ल्याइएको छ भने तल्ला कक्षाहरुमा पनि आवश्यकताको आधारमा प्रयोगलाई  वढाउदै लगिएको छ ।

८. यस विद्यालयमा अध्ययनरत वाल विकास कक्षा देखि कक्षा ६ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिएको छ । जसमा नेपाल सरकारले उपलब्ध गराउने आर्थिक स्रोत बाट नपुगेको रकम विद्यालयको आन्तरिक स्रोतबाट बहन हुने गरी व्यवस्थापन गरिएको छ ।

९. आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीहरुको सिकाइ सहजिकरण गर्नका लागि विद्यालयमा  शैक्षिक कल्याण कोष मार्फत विद्यार्थीहरुलाई पुरस्कृत गर्ने गरिएको छ ।

१०. शैक्षिक सत्रको शुरुमा सप्ताहव्यापी संयुक्त शिक्षक स्टाफ वैठकको आयोजना गरि अघिल्लो शैक्षिक सत्रको समिक्षा तथा नयाँ शैक्षिक सत्रभर गरिने कार्यक्रमहरुको योजना निर्माण गर्ने, शिक्षण सिकाइ सामग्री निर्माण कार्यशाला संचालन गर्ने जस्ता कार्यहरु गरिएको छ ।

११. "शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि २०७८" निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । विद्यार्थीको सिकाइ नतिजाको आधारमा शिक्षक मुल्याङ्कन गरी शिक्षकहरुलाई प्रभावकारि शिक्षण प्रति थप प्रोत्साहित र उत्तरदायी बनाउने परिपाटीको ब्यवस्था गरिएको छ । साथै विद्यार्थीको सिकाई सुधारको लागि शिक्षक र प्र.अ. बीच कार्यसम्पादन करार सम्झौता गर्ने पद्धतीको सुरुवात गरिएको छ ।

१२. शिक्षकको अनुपस्थितिमा खाली पिरियडलाई व्यवस्थापन गर्न अर्को शिक्षकद्धारा कक्षा लिने व्यवस्था साथै कक्षा लिने शिक्षकलाई प्रोत्साहन गर्ने गरिएको छ । जसबाट शिक्षकको अनुपस्थितिमा विद्यार्थी खालि वस्ने समस्या समाधान भएको छ ।

१३. भि.एस.ओ. र काठेखोला गाउँपालिकाको सहयोगमा यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई नियमित रुपमा विद्यालय आउने वातारण सिर्जना गर्न तथा अभिभावक र विद्यालय विचको सम्बन्धलाई थप निकट र सुमधुर वनाउन ठुलिदिदि (विग सिस्टर) को व्यवस्था गरिएको छ ।

१४. शिक्षकहरुको कक्षामा विताउने समय व्यवस्थापन कार्यविधि २०७४ अनुसार शिक्षकले कक्षामा विताउने समयलाई अभिलेखिकरण गर्नका लागि विद्यार्थी लगबुक निर्माण गरी अभिलेखिकरण गरिएको छ ।

## ख. भौतिक पक्षः

१. २०७४ सालमा नमुना विद्यालयको रुपमा सुचिकृत भए पश्चात यस विद्यालयले ५ वर्षे नमुना विद्यालय विकास, विद्यालय सूधार गुरुयोजनाको निर्माण गरी शैक्षिक, भौतिक तथा व्यवस्थापकीय सुधारका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यसै कार्यक्रम अन्तरगत नौ कोठा सहितको तीन तले प्रि–स्कुल ब्लक, बाह्र कोठा सहितको तीन तले एकेडेमीक ब्लक निर्माण सम्पन भइसकेका छन भने छ कोठा सहितको तीन तले पुस्तकालय तथा प्रयोगशाला भवन सम्पन्नताको अन्तिम चरणा रहेको छ ।

२. प्रि–स्कुल ब्लक माथिको हलमा यसै विद्यालयका पूर्व शिक्षक गोकुल कार्किको आर्थिक सहयोगमा अमर आर्ट संग्रहालयको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

३. पुरानो भवन अर्न्तगत रहेको प्रशासनिक तथा लेखा कक्षलाई मर्मत सम्भार गरी आधुनिक रुपमा व्यवस्थापन गरिएको छ ।

४. काठेखोला गाउँपालिकाको पालिका स्तरीय मन्टेश्वरी तालिम केन्द्र निर्माण गर्ने कार्यक्रम अर्न्तगत यसै विद्यालयको पुरानो भवनलाई सवलिकरण गरी निर्माण कार्य अघि वढाइएको छ ।

५. विद्यालयका पूर्व विद्यार्थी अमर बहादुर के.सि. को आर्थिक सहयोग एवं विद्यालयको आन्तरिक स्रोतबाट विद्यालय हाता भित्र १५००० लिटरको खानेपानी टंकी निर्माण गरिएको छ ।

६. यसै वर्ष वि.वाइ.सी. वागलुङको आर्थिक सहयोगमा ३ वटा वालमैत्री धारा निर्माण कार्य सुरुवात गरिएको छ ।

७. इडियु टिच र कर्मा फ्लाइट फाउन्डेशन तथा काठेखोला गाउँपालिका वडा नं. ५ को कार्यालय र विद्यालयको आन्तरिक श्रोतमा २० वटा कम्प्युटर सहितको सुविधा सम्पन्न कम्प्युटर ल्याव निर्माणका लागि तयारी  अन्तिम चरणमा पुर्याइएको छ ।

८. विद्यालयमा रहेका मौजुदा पुराना शौचालयहरुलाई मर्मत सम्भार गरी थप व्यवस्थित गराउने कार्य सम्पन्न गरिएको छ ।

९. विद्यालय हाता भित्र सवारी पार्क निर्माणको लागि आवश्यक पूर्वाधार निर्माण गरिएको छ ।

## ग. ब्यवस्थापकिय पक्ष :

१. विद्यालयको मेरुदण्डको रुपमा आर्थिक कारोवार रहेको हुन्छ । समग्र आर्थीक कारोवारलाई चुस्त, दुरुस्त र पारदर्शी वनाउनको लागी प्रचलित शिक्षा ऐन तथा नियावली अनुसार प्रत्येक वर्षको भदौ मसान्त भित्र सामाजिक लेखा परिक्षण र पौष मसान्तसम्म अन्तिम लेखा परिक्षणको कार्य सम्पन्न गरको छ ।

२. विद्यालयको आर्थिक पारदर्शितालाई चुस्त दुरुस्त वनाउन IEMIS संग जोडिएको सास(SAS) सफ्टवेयरलाइ प्रयोगमा ल्याइएको छ ।

३. विद्यालयको शैक्षिक, प्रशासनिक, भौतिक, आर्थिक तथा व्यवस्थापकिय कार्यक्रम सम्पादनका लागि “अमर माध्यमिक विद्यालयको आन्तरिक विनियम २०७५” निर्माण गरि कार्यान्वयन गरिएको छ ।

४. यस विद्यालयमा हाल २३ जना शिक्षक, १ जना लेखापाल, २ जना विद्यालय कर्मचारी, १ जना वाल विकास सहजकर्ता र १ जना ठुलीदिदि गरि कुल २८ जना शिक्षक तथा कर्मचारीहरु रहनुभएको छ ।

५. आर्थिक तथा सामाजिक रुपमा पिछडिएका, गरिब, दलित, छात्रा तथा जेहेन्दार विद्यार्थीहरुलाई सिकाइमा टेवा मिलोस् भनि स्थानीय तहवाट प्रदान गरिएको रकम, विद्यालयमा स्थापित अक्षयकोषहरुको व्याज तथा विद्यालयको आन्तरीक स्रोत समेतको प्रयोगबाट विभिन्न शीर्षकमा छात्रवृत्ति वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

६. प्रत्येक महिनाको अन्तिम दिन र महिनाको दोस्रो हप्ताको शुक्रवार शिक्षक तथा कर्मचारीको नियमित मासिक वैठकबसी विविध शैक्षिक विषयमा अन्तरक्रिया गर्ने कार्यक्रमलाई निरन्तरता दिदै आइएको छ ।

७. विद्यालयका सूचनाहरुलाई व्यवस्थीत गर्न तथा विद्यार्थी, अभिभावक र समुदाय समक्ष पुऱ्याउने उदेश्यले सूचना अधिकारीको व्यवस्था, वेवसाइट, फेसवुक पेज, युटुभ च्यानल संचालनमा ल्याइएको छ ।

८. विद्यार्थीहरुको नतिजा अभिभावक समक्ष पुर्याउन र विद्यालय अभिभावक विचको सम्वन्धलाई थप सुमधुर वनाउन काठेखोला गाउँपालिकाको आर्थिक सहयोगमा स्मार्ट स्कुल सफ्टवेयर संचालनमा ल्याइएको छ ।

## घ. आर्थिक पक्ष :

विद्यालयलाई सफल र गतिशिल बनाउनका लागि सो संस्थाको आर्थिक अवस्था सुदृढ हुनु जरुरी छ । आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षण प्रतिवेदन अनुसार यस विद्यालयको कुल आम्दानी दुई करोड पचासी लाख त्रिसठ्ठी हजार चारसय पन्चान्नब्बे रुपैया उनानब्बे पैसा (२८५६३४९५.८९), अघिल्लो आ.व २०७८/०७९ को बचत दुई करोड त्रियासी लाख उनानन्वे हजार एकासी रुपैया सन्तानव्वे पैसा ( २८३८९०८१.९७) गरी यस आर्थिक वर्ष सम्मको कुल जम्मा आम्दानी रकम पाँच करोड उनान्सत्तरी लाख  बाउन्न हजार पाँच सय सतहत्तर रुपैया छयासी पैसा (५६९५२५७७.८६) रहेको छ ।

आर्थिक  वर्ष २०७८/७९ मा शैक्षिक, भौतिक र व्यवस्थापकिय पक्षमा तीन करोड त्रियानव्वे हजार पाँच सय उनान्सत्तरी रुपैया पञ्चानव्वे पैसा (३,००,९३,५६९.९५) खर्च भएको छ ।यस आर्थिक वर्ष सम्ममा दुई करोड अठसठ्ठी लाख पञ्चानव्वे हजार सात रुपैयाँ, एकानन्वे पैसा (२,६८,९५,००७.९१) वचत रहेको कुरा जानकारी गराउन चाहन्छु ।

वचत रकम मध्ये नेपाल वैक लिमिटेड स्थित चल्ती खातामा सत्तरी लाख उन्साठी हजार दुई सय चौध रुपैया एकहत्तर पैसा (७०,५९,२१४.७१), सि.वाइ.सि.को चल्ती खातामा एक लाख सन्ताउन्न हजार तीन सय छ्यानन्वे रुपैया दश पैसा (१५७,३९६.१०), नेपाल वैकको मुद्धती खातामा एक करोड पचास लाख रूपैया (१,५०,०००००.००), लगानीमा एक्काइस लाख सोह्र हजार तीन सय सत्र रुपैया (२११६,३१७.००), रहेको छ । त्यस्तै विद्यालयमा स्थापना भएका विभिन्न अक्षयकोषहरु वापतको कूल पच्चीस लाख पच्चीस हजार सात सय छैसठ्ठी रुपैया (२५,२५,७६६) मा सबै रकम लगानीमा रहेको छ । आ.व. २०७९/८० को कूल करोवारमा जम्मा तीन सय चौध रुपैया दश पैसा (३१४.१०) नगदको रूपमा देखिन आएको छ ।

यस विद्यालय नमुना विद्यालय विकास कार्यक्रममा सूचिकृत भए पश्चात २०७४।७५ देखि आ.व. २०७९।०८० सम्म नमुना विद्यालय विकास विद्यालय सूधार गुरुयोजना निर्माण गरि सो योजना अनुसारका कार्यक्रमहरु सम्पन्न गरिसकेको छ । आ.व. २०७९।८० मा नमुना विद्यालय विकास कार्यक्रम अन्तरगत भौतिक तर्फ रु उन्पचास लाख पचासी हजार रुपैया (४९,८५,०००) र शैक्षिक तथा व्यवस्थापकिय पक्ष तर्फ बत्तीस लाख रुपैया (३२,००,०००) आम्दानी भएको छ । खर्चतर्फ पुस्तकालय भवन निर्माणका लागि एक करोड आठ लाख चौसठ्ठी हजार एक सय सतहत्तर रुपैया नब्बे पैसा (१०८६४१७७.९०) खर्च भएको छ । भने शैक्षिक तथा व्यवस्थापकिय पक्षमा बत्तीस लाख रुपैया (३२,००,०००) खर्च भएको छ ।

निर्माणाधिन प्रयोगशाला भवन सम्पन्न गर्नका लागी अझै करिब तीस लाख खर्च हुने देखिन्छ । नमुना विद्यालय विकासको पाँच वर्षे अवधि समाप्त भै सकेकोले अब यस भवनलाई सम्पन्न गर्नका लागि संघिय सरकारबाट अनुदान प्राप्त नहुने अवस्था रहेको छ । यसको लागि  विद्यालयका ऋणिहरुबाट ऋण असुल उपर गरी तथा विद्यालयको मौजुदा रकमबाट निर्माण कार्य सम्पन्न गर्ने योजना रहेको छ ।

## ४. विद्यालयले हाँसिल गरेका विशेष उपलब्धिहरु

आदरणिय समापति महोदय ! अव म यस विद्यालयको ५७ औं वार्षिकोत्सव समारोह पश्चात हालसम्म विद्यालय बाहिर भएका कार्यक्रममा सहभागीता भइ यस विद्यालयले हासिल गरेका उपलव्धीहरुको जानकारी गराउन चाहन्छु :

१. मिति २०८० भाद्र १५ गते नेपाल रेडक्रस सोसाइटि बागलुङद्वारा आयोजित वक्तृत्वकला प्रतियोगितामा यस विद्यालय सान्त्वना स्थान हासिल गर्न सफल भएको छ ।
२. मिति २०८० भाद्र २३ गते विहुँकोट विकास मञ्चद्धारा आयोजित तिजगित प्रतियोगितामा यस विद्यालयले द्धितीय स्थान हासिल गर्न सफल भएको छ ।
३. मिति २०८० भाद्र २९ गते काठेखोला गा.पाद्धारा आयोजित प्राथमिक तह स्तरीय हस्तलेखन प्रतियोगितामा द्धितीय स्थान, चित्रकला प्रतियोगितामा तृतीय स्थान, माध्यमिक तह कक्षा ९-१० बक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान, र कक्षा ११-१२ स्तरीय वक्तृत्वकला प्रतियोगितामा द्धितीय स्थान हासिल गरेको छ ।
४. मिति २०८० भाद्र २९ गते शिक्षा विकास तथा समन्वय इकाइ बागलुङद्धारा आयोजना गरिएको निवन्ध प्रतियोगितामा यस विद्यालयले प्रथम स्थान हासिल गरेको छ ।
५. मिति २०८० असोज १ गते सिर्जना सास्कृतिक परीवारद्धारा आयोजना गरिएको तिजगित प्रतियोगितामा सहभागि भई यस विद्यालयले सान्त्वना स्थान हासिल गरेको छ ।
६. मिति २०८० पौष २० गते नवयुवक आधारभूत विद्यालयको ४२ औं वार्षिकोत्सव समारोहको अवसरमा आयोजित आधारभूत तह स्तरीय हाजिरीजवाफ प्रतियोगितामा तृतीय स्थान तथा प्राथमिक तह स्तरीय हिसाब दौड प्रतियोगितामा तृतीय स्थान हासिल गरेको छ ।
७. मिति २०८० पौष १६ गते काठेखोला गाउँपालिकाद्धारा आयोजित लैङ्गिक हिसां विषयक सडक नाटक प्रतियोगितामा यस विद्यालयले सान्त्वना स्थान हासिल गरको छ ।
८. मिति २०८० पौष १० गते काठेखोला गाउँपालिकाद्धारा आयोजना गरेको शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम अन्तरगत विद्यार्थी वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान, शिक्षक वक्तृत्वकला प्रतियोगितामा द्धितीय, विद्यार्थी नृत्य प्रतियोगितमा द्धितीय र शिक्षक नृत्य प्रतियोगितामा सान्त्वना स्थान हासिल गरेको छ ।
९. मिति २०८० पौष १६ गते सामाजिक विकास कार्यालय, बागलुङद्धारा आयोजित शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम अन्तरगत विद्यार्थी वक्तृत्वकला प्रतियोगितामा यस विद्यालयले द्धितीय स्थान हासिल गरेको छ ।
१०. मिति २०८० पौष ६ गते काठेखोला गाउँपालिकाद्धारा आयोजित पाँचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस विद्यालयले ७ स्वर्ण र ११ रजत पदक सँगै काठेखोला गाउँपालिकामा तृतीय स्थान हासिल गर्न सफल भएको छ ।

विद्यालय बाहिरका विविध कार्यक्रममा यस विद्यालयबाट सहभागि भई उत्कृष्ट स्थान हासिल गरी विद्यालयको गरिमालाई माथि उठाउन सहयोग गर्ने सम्पूर्ण विद्यार्थी भाइवहिनीहरु एवं कार्यक्रममा सहभागी गराउने र आवश्क सहजिकरण गर्नुहुने शिक्षक तथा कर्मचारी साथिहरूलाई विशेष धन्यबाद दिन चाहन्छु ।

## ४. भावि कार्यक्रमहरू

सभापति महोदय ! अब म विद्यालयले तय गरेका केहि प्रमुख भावि कार्यक्रमहरुको बारेमा जानकारी गराउन चाहन्छु ।

**क) शैक्षिक कार्यक्रमहरु :**

१. शैक्षिक गुणस्तर वृद्धि तथा विद्यार्थी अनुशासन कायम राख्नका लागि सबैभन्दा बढि विद्यालयमा उपस्थीत भइ आफ्नो वाल वालिकाको वारेमा जानकारी लिई आवश्यक पृष्ठपोषण प्रदान गर्ने अभिभावक मध्येबाट १ जना र विद्यालयको उत्कृष्ट शिक्षक तथा कर्मचारीहरु मध्येवाट १ जनालाई वार्षिकोत्सव समारोहमा पुरस्कृत गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

२. शिक्षक, विद्यार्थी र अभिभावक बिच हुने शैक्षिक अन्तरक्रिया, घरदैलो तथा अभिभावक भेट्घाट,गोष्ठि जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामग्री निर्माण, संकलन तथा खरिद गरीनेछ ।

४. विज्ञान प्रयोगशालालाई अझ व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५. सबै कक्षाकोठाहरुमा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको लागि आवश्यक पर्ने पूर्वाधारको पूर्ण व्यवस्थापन गरी गुणस्तरीय सिकाइको सुनिश्चतता गरिने छ ।

६. निर्माणाधिन विज्ञान प्रयोगशाला तथा पुस्तकालय भवन सम्पन्न भए पश्चात प्राविधिक धार अर्न्तगत कक्षा ९-१२ मा बालि विज्ञान (कृषि) विषय सञ्चालनको प्रक्रिया अगाडी वढाइने छ ।

७. विद्यालयका गतिविधिमा आधारित वृत्तचित्र निर्माण कार्यलाई चालु आर्थिक वर्ष भित्र पूर्णता दिइने छ ।

**ख) भौतिक कार्यक्रमहरु:**

१. आगामी शैक्षिक सत्रबाट विद्यार्थी संख्याको आधारमा आवश्यक मात्रामा वालमैत्री खानेपानी धारा निर्माण गरिने छ ।

२. बाल विकास देखी कक्षा ८ सम्मका कक्षाकोठामा स्मार्ट टि.भि. जडान गर्ने योजनालाई चालु आर्थिक बर्ष सम्ममा सम्पन्न गरिनेछ ।

३. विद्यालयको मूल प्रवेशद्वार नजिक विद्यालय सवारी पार्क निर्माणका लागि सहयोगदाताको खोजि गरि निर्माण कार्य सम्पन्न गरिनेछ ।

४. विद्यालय घेराबारको लागि सहयोग स्रोतको खोजी गरी निमार्ण कार्य गरिने छ ।

**ग) ब्यवस्थापकिय कार्यक्रमहरु :**

१. विद्यालयको आर्थिक पारदर्शितालाई चुस्त दुरुस्त वनाउन इमिस संग जोडिएको सास सफ्टवेयरको थप प्रभावकारी रुपमा प्रयोग गरिने छ ।

२. पुस्तकालयलाई अझ व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न कर्मचारी र पुस्तकहरुको व्यवस्था गरी नियमित रुपमा विद्यार्थीहरु पुस्तकालयमा वसी अध्ययन गर्ने वातावरण तयार गरिनेछ ।

३. शिक्षकहरुलाई आफ्नो पेशाप्रति उत्तरदायी र कर्तव्यपरायण बनाउन कार्य सम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको प्रयोग गरिने छ । कार्यसम्पादन नतिजामा उत्कृष्ट हुने शिक्षकहरुलाई पुरस्कृत गर्दै जाने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ५. धन्यवाद ज्ञापन

म यस विद्यालयको ५८ औं वार्षिकोत्सव तथा अभिभावक भेला २०८० को अवसरमा आफ्नो व्यस्तताको बाबजुद पनि हामीलाई आफ्नो अमूल्य समय प्रदान गर्नुहुने प्रमुख अतिथिज्यू, संस्थापक सदस्यज्युहरु, विशिष्ट अतिथिज्युहरु, अन्य अतिथिज्यूहरु अभिभावकज्यूहरु, विशिष्ट चन्दादाताज्युहरु, जग्गादाताज्युहरु, अक्षयकोषका संस्थापकज्युहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्युहरु, समाजसेवी, शिक्षाप्रेमी, वि.व्य.स., पि.टि.ए. सुरक्षाकर्मी, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

वि.सं २०२२ सालमा तत्कालिन कठिन परिस्थितिमा विद्यालय स्थापनागर्ने श्रदेय संस्थापक अध्यक्ष गोविन्द प्रसाद शर्मा कँडेलज्यु, सदस्यहरु स्व. प्रजापति कँडेल, स्व. कमलापति कँडेल, स्व.हरिलाल वि.क. श्री टेकनारायण श्रेष्ठज्यू, स्व.मणिराज श्रेष्ठ, स्व. विष्णु प्रसाद कँडेल, स्व.चण्डीप्रसाद कँडेल, स्व.खगराज कँडेल, श्री जयलाल कँडेलज्यू, श्री हर्कमान वि.क.ज्यू, स्व.जगवहादुर घर्ति, स्व.पुर्ण वहादुर काउचा, श्री शशिधर कँडेलज्यू, स्व.वालकृष्ण कँडेल, स्व.नन्दराम कँडेल, स्व. वलिभद्र कँडेल, स्व. गौरिश्वर कँडेल, स्व. देविप्रसाद कँडेल, श्री गौरिश्वर कँडेल ज्यू, स्व.सु जयभद्र कँडेल, श्री हर्क वहादुर पुनज्यू, स्व.पशुपति कँडेल संस्थापक सहयोगी श्री भानुभक्त सुवेदीज्यू, स्व.कृपासुर पुन, स्व.टेक वहादुर पुन, स्व.डन्डपानी न्यौपाने, स्व. दुर्गादत्त कँडेल लगायतका शिक्षाप्रेमी अभिभावकहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

जुन ठाँउमा आज करिव ५00 विद्यार्थीहरु रमाइरहेका छन, यस्तो पवित्र भूमि दान गर्नुहुने स्व.रतन कँडेल र स्व. नन्दलाल कँडेलको आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु ।

विद्यालय स्थापना कालदेखि हालसम्म विद्यालय व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी कुशलतापुर्वक वहन गर्नुहुने संस्थापक अध्यक्ष श्री गोविन्द प्रशाद शर्मा कँडेलज्यू, स्व.वालकृष्ण कँडेल, स्व.चन्डिप्रसाद कँडेल, श्री विष्णुप्रसाद कँडेलज्यू, स्व.खगराज कँडेल, स्व. प्रजापति शर्मा, स्व. कमलापती कँडेल, श्री देविलाल कँडेलज्यू, श्री नविनप्रसाद कँडेलज्यू, श्री महेन्द्र पुनज्यू, श्री कृष्णप्रसाद कँडेलज्यू, श्री शिवप्रसाद कँडेलज्यू, वर्तमान व्यवस्थापन समितिका अध्यक्ष श्री ज्ञामनाथ कँडेलज्यु धन्यवादका पात्र हुनुहुन्छ ।

त्यसैगरी विद्यालयका संस्थापक प्रधानाध्यापक भिमसेन प्रसाद श्रेष्ठ एवं त्यस पश्चात विद्यालय प्रशासनको वागडोर सम्हाल्नुहुने प्रधानाध्यापकहरु क्रमशः श्री गजेन्द्रवहादुर के.सी.ज्यू, स्व.चिरन्जीवी उपाध्याय, श्री सोमनाथ नेवाज्यू, स्व.कलानिधी कँडेल,श्री भवानी पान्डेज्यू, श्री माधवप्रसाद गौतमज्यू, स्व.दिलवहादुर श्रेत्री, श्री हरिभक्त कँडेल ज्यू, श्री केशवप्रसाद कँडेलज्यू, श्री हरिप्रसाद कँडेलज्यू र विद्यालयका वर्तमान सहायक प्र.अ.श्री रघुपति शर्माज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

स्थापना कालदेखी विद्यालयको व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोग समिति, सामाजिक परीक्षण समितिका विभिन्न ओहोदामा रही विद्यालयको सर्वाङगीण विकासमा योगदान पुऱ्याउनुहुने सम्पुर्ण शिक्षाप्रेमी अभिभावकज्युहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस विद्यालयलाई यो अवस्थासम्म ल्याई पुऱ्याउन धनधान्याञ्चल मार्फत आर्थिक सहयोग जुटाई अमुल्य सहयोग गर्नुभएका व्रहमलिन १००८ स्वामी राष्ट्रसन्त परमानन्द सरस्वती जी महाराज, २०४८ सालमा सम्पन्न विद्यालयको १२ कोठे भवन निर्माणमा आर्थिक सहयोग जुटाइदिनुहुने अमेरीकन नागरिक केन पम्फोर्ड र सिर्जना शाक्यज्यु, उक्त भवन निमार्णका क्रममा देउसी भैलो कार्यक्रम मार्फत आर्थिक संकलन कार्यमा रातदिन खटिनु भएका समाजसेवि, वि.व्य.स, शिक्षक, विद्यार्थी भाइवहिनिहरु धन्यवादका पात्र हुनुहुन्छ । विद्यालय स्थापनाकालदेखि हालसम्म विभिन्न समयमा विद्यालयका भवन निर्माण समितिका विभिन्न पदमा रहेर विशिष्ट योगदान पुऱ्याउनुहुने शिक्षाप्रेमी अभिभावकज्यु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

काठेखोला गाउँपालिका-५, विहुँकोट, लामराती स्थायी घर भइ हाल अमेरीकामा रहनुभएका यस विद्यालयका पूर्व विद्यार्थी श्री सावित्री सापकोटाज्यूबाट यस विद्यालयमा अध्ययनरत गरिब तथा पढाइप्रति रुचि भएका ५ जना विद्यार्थीहरुका लागि ५००० का दरले १० वर्षका लागि वार्षिक रु २५,००० को "**सावित्रि सापकोटा शैक्षिक कल्याण कोष**" स्थापना गर्नुभएको छ । त्यसैगरी काठेखोला गाउँपालिका ५ करलिम स्थायी घर भइ हालः भरपुर निवासी लिलाधर कँडेलद्धारा १० जना विद्यार्थीहरुका लागि ५००० का दरले ५ वर्षका लागि

वार्षिक रु ५०,००० राशिको "**लिलाधर सरस्वती शैक्षिक कल्याण कोष**" स्थापना गर्नुभएको छ । तर यस लिलाधर सरस्वती शैक्षिक कल्याण कोषबाट प्राप्त हुनुपर्ने रकम विद्यालयमा प्राप्त भइ नसकेकोले प्राप्त भए पश्चात वितरण प्रकृया अगाडी बढाइने छ । यसरी विद्यार्थीको सिकाइ सहजिकरणका लागि शैक्षिक कल्याणकोष स्थापना गर्ने व्यक्तित्वहरुलाई विद्यालयको तर्फबाट हार्दिक धन्यवाद दिँदै उज्ज्वल भविश्यको कामना गर्दछौ ।

विद्यालयको सर्वोपरी हितलाई ध्यानमा राखि विद्यालयको विकासका लागि आफ्नो आम्दानीको अंश चुडी रु ५,५५,५५५ राशिको रविचन्द्र अक्षयकोषका संस्थापक ऋषिराम कँडेलज्यू, रु ५,००,००० राशिको सुवेदी वालगौरी स्मृति अक्षयकोषका संस्थापक त्रय विष्णुदत्त सुवेदी, गौरिशंकर सुवेदी र दिपक सुवेदीज्यू, रु ३,०३,३१५ राशिको कमलापती आनन्द स्मृती शैक्षिक अक्षयकोषका संस्थापक यज्ञप्रसाद, कृष्ण प्रसाद कँडेलज्यू, रु ३,००,००० राशिको ठु.मणिभद्र अक्षयकोषका संस्थापक त्रय लिला कँडेल, कमल कँडेल र जीवन कँडेलज्यू, रु २००,००० राशिको तुलसीदेवि स्मृति अक्षयकोषका संस्थापक ज्ञामनाथ कँडेल, भिमकान्त कँडेल र भुमनाथ कँडेलज्यू, रु १,११,१११ राशिको शुसिला-पृथ्वीराज अक्षयकोषका संस्थापक भूमिराज कँडेलज्यू, रु १,०६,००० राशीको खिमानन्द हरिकला अक्षयकोषका संस्थापकद्वय हिमलाल कँडेल र टंक प्रसाद कँडेलज्यू,रु १,०५,००० राशिको पदमपानी वसुन्धरी चन्द्रकला स्मृति अक्षयकोषका संस्थापक तुल्सीराम कँडेलज्यू, रु १,०१,१११ राशीको प्रमानन्द, नन्दकुमारी, नन्दकली स्मृति अक्षयकोषका संस्थापक विष्णु प्रसाद कँडेलज्यू, रु १,००,००० राशिकोतुलसीराम अम्वीका अक्षयकोषको संस्थापक द्वय हिमलाल गैरे र नन्दकली गैरेज्यू, रु १००००० राशीको डण्डपानी-देउकली अक्षयकोषका संस्थापक खिमानन्द न्यौपानेज्यू, रु १००००० राशिको प्रसिद्धि कँडेल अक्षयकोषका संस्थापक प्रसिद्धि कँडेलज्यू, रु ५१,१११ राशिका गुणाखर जमुना स्मृति अक्षयकोषका संस्थापक खिमानन्द कँडेलज्यू, रु २५१०० राशिको अमृता स्मृति अक्षयकोषका संस्थापक स्व. तुलसीराम कँडेल, रु २५००० राशिको जगपति सरस्वती स्मृति अक्षयकोषका संस्थापक नारायण प्रसाद कँडेलज्यू र रु २५००० राशिको पद्मनाथ सापकोटा अक्षयकोषका संस्थापक पद्मनाथ सापकोटाज्यू लगागत यहाँहरुको सकल परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यस विद्यालयका पूर्व विद्यार्थी एवं शिक्षकहरु जो स्वदेश वा विदेशमा रहेर यस विद्यालयको शैक्षिक, भौतिक, आर्थिक उन्नयनको लागि महत्वपूर्ण योगदान पुर्‍याउनु भएको छ तपाईहरू प्रति अमर माध्यमिक विद्यालय हार्दिक सम्मान व्यक्त गर्न चाहन्छ । साथै विद्यालयले आगामी दिनहरुमा पनि विभिन्न क्षेत्रबाट यस्तै साथ, सहयोग र सद्भावको अपेक्षा राख्दछ ।

२०७४ सालमा यस विद्यालय नमुना विद्यालय विकासको लागि छनौट हुने सन्दर्भमा थुप्रै व्यक्तित्वहरुबाट सहयोग प्रप्त भएको थियो । यस क्रममा सहयोग गर्नुहुने संस्थापक अध्यक्ष श्री गोविन्द्र प्रसाद कँडेलज्यू, पुर्व संसद श्री प्रकाश पौडेलज्यू, ने.का. नेता तथा तत्कालिन शिक्षा मन्त्री गोपालमान श्रेष्ठज्यू, वर्तमान गण्डकी प्रदेश मूख्यमन्त्री श्री सुरेन्द्र पाण्डेज्यू, तत्कालिन जिल्ला शिक्षा अधिकारी श्री विष्णुप्रसाद मिश्रज्यू, जि.शि.का. वागलुङका शाखा अधिकृत श्री लोकनाथ आचार्यज्यू, विद्यालय निरिक्षक श्री प्रकाश ओझाज्यू, विहुँकोट अन्तराष्ट्रिय समाजका अध्यक्ष श्री देविलाल सुवेदीज्यू, संरक्षक श्री दिपक सुवेदीज्यू, सह-संरक्षक द्धय श्री लिलाधर कँडेलज्यू, श्री डि.पि. कँडेलज्यू, प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । त्यसैगरि नमुना विद्यालयको गुरुयोजना निमार्ण तथा हाल सम्मका योजनाहरु र प्रतिवेदनहरु तयारमा अहोरात्र खटिई सहयोग गर्नुहुने यस विद्यालयका सहायक प्र.अ. श्री रघुपति शर्मा शिक्षकहरु श्री शंकरप्रसाद कँडेल, तत्कालिन शिक्षक श्री धर्मराज पन्थी,श्री दामोदर पौडेल,श्री यज्ञ प्रसाद शर्मा,श्री अग्नीराज जोशीप्रति आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस विद्यालयको परिसरमा स्वर्गिय माता शान्ति देविको पुण्य स्मृतिमा सरस्वती मन्दिर निर्माण गर्नुहुने उहाँका जेष्ठ सुपुत्र एवम् यस विद्यालयका सहायक प्र.अ. आदरणिय दाजु रघुपति शर्मा, ग्रामविकास आधारभूत विद्यालयका प्र.अ विश्वपति शर्मा र यस विद्यालयका पुर्व शिक्षक प्रगती शर्मा लगायत सकल परिवारलाई धन्यवाद दिदै माता शान्ति देविको आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

श्री वाल विकास आधारभूत विद्यालय यस विद्यालयमा समायोजन तथा एकिकरण भएको छ । यस कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विद्यालयका संस्थापकज्यूहरु क्रमशः श्री लिलाधर कँडेल, स्व. नारायणदत्त कँडेल, स्व. गौरिश्वर कँडेल, स्व. रविलाल कँडेल, भुवानी शंकर कँडेल, गोविन्द प्रसाद कँडेल, नन्दलाल कँडेल, तिलक प्रसाद कँडेल, पुतली कँडेल, मनोहरी कँडेल (प्र.अ), गंगा प्रसाद कँडेल, तत्कालिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री भवदत्त कँडेल लगायतका पदाधिकारीज्यूहरु, विद्यालयका प्र.अ. भगवती शर्मा कँडेल लगायतका शिक्षक तथा कर्मचारीज्यूहरु लगायतका सम्पूर्ण शिक्षाप्रेमी अभिभावकज्युहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस विद्यालयमा शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षामा प्रथम, द्धितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरुलाई पुरस्कार उपलब्ध गराइ सहयोग गर्नुहुने सापकोटा अपसेट प्रेसका संचालक श्री भवानीप्रसाद सापकोटाज्यु तथा आधारभूत तह (कक्षा१-५)मा अध्ययनरत ५ जना विपन्न विद्यार्थीहरुलाई स्टेशनरी सामग्री उपलव्ध गराउनुहुने काठेखोला गाउँपालिका वडा नं. ६ निवासी श्री यमलाल कँडेलज्यु एवम् सम्पुर्ण परिवारजन प्रति स-सम्मान हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आजको यस समारोहमा उपस्थित सम्पूर्ण हाम्रा अतिथि, अभिभावक,विद्यार्थी तथा शिक्षकहरुलाई खाजा सहयोग गर्नुहुने काठेखोला गाउँपालिका वडा नं ५ का अध्यक्ष एवं यस कार्यक्रमका सभापति श्री ज्ञामनाथ कँडेलज्यु प्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा, विद्यालयका प्रमुख गतिविधिहरुलाई चुस्त र दुरुस्त रुपमा प्रतिबेदनमा समेटने यथासक्य प्रयत्न गरेको छु । समावेश गर्नुपर्ने कुनै विषयवस्तु छुट हुनगएमा वा त्रुटिपूर्ण देखिएमा रचनात्मक सुझावको अपेक्षा गर्दछु । विद्यालयलाई यस अवस्थासम्म ल्याइ पुऱ्याउन यहाँहरुले प्रदान गर्नुभएको साथ, सहयोग र सुझाव प्रति उच्च सम्मान गर्दै आगामी दिनमा पनि त्यसको निरन्तरताको अभिलाषा गर्दछु । विद्यालयको यस ५८ औँ वार्षिकोत्सव समारोह लाई विभिन्न कार्यक्रमका साथ व्यवस्थित गराउन आ-आफ्नो जिम्माका कार्यहरुलाई सम्पन्न गर्नुहुने सम्पुर्ण शिक्षक एवं कर्मचारी साथिहरु, अभिभावक, विद्यार्थी भाइवहिनीहरु र यस समारोहमा पाल्नुहुने सवै समाजसेवि, शिक्षाप्रेमी, वुद्धिजिवि, सुरक्षाकर्मी, पत्रकार महानुभावज्युहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद!!!

## अनुसूची १
## आय व्यय विवरण २०७९।०८०

खर्च | आम्दानी

| सि.नं | विवरण | रकम | सि.नं | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | शिक्षक कर्मचारी तलव भत्ता,वितरण | रु १५,६९०,०२९.९० | १ | शिक्षक कर्मचारी तलव भत्ता पो.वि. | रु १३,६७१,८०२.०० |
| २ | ट्याकसेट खरिद तथा व्यवस्थापन | रु ३७३,११७.०० | २ | नमुना विद्यालय अनुदान | रु ८,१८५,०००.०० |
| ३ | पाठ्यपुस्तक विल भुक्तानी (आव ७८/७९) | रु १९५,७९१.०० | ३ | फर्निचर निर्माण योजना | रु १९७,०८०.०० |
| ४ | पाठ्यपुस्तक विल भुक्तानी (आव ७९/८०) | रु २०२,७१४.०० | ४ | माध्यमिक आइसिटि योजना अनुदान | रु २९५,९९१.०० |
| ५ | फर्निचर निर्माण | रु २१७,०००.०० | ५ | विद्यार्थी पाठ्यपुस्तक अनुदान | रु २३१,८७०.०० |
| ६ | माध्यमिक आइसिटि कार्यक्रम | रु ३०७,४७०.०० | ६ | छात्रवृत्ति तथा अन्य निकासा | रु १३३,१५०.०० |
| ७ | पार्किङ स्थल निर्माण | रु ३०६,२५०.०० | ७ | कक्षा १२ परीक्षा संचालन अनुदान | रु ७२,६९३.०० |
| ८ | विद्यार्थी फाराम राजश्व भुक्तानी | रु १८१,५५०.०० | ८ | सिकाइ सामाग्री निर्माण अनुदान | रु ५,०००.०० |
| ९ | शिक्षक नियुक्ति | रु २९,०००.०० | ९ | केजी कक्षा व्यवस्थापन | रु ६०,६०६.०० |
| १० | दिवाखाजा व्यवस्थापन | रु २५९,४१०.०० | १० | इन्टरनेट, सालेप अनुदान | रु ४७,०००.०० |
| ११ | मुलगेट रंगरोगन | रु ४१,६५०.०० | ११ | कक्षा ८ परीक्षा संचालन अनुदान | रु २०,३७९.०० |
| १२ | खेलकुद,स्टेशनरी तथा पुरस्कार खर्च | रु १०१,५५०.०० | १२ | ने. वै. लि. फर्निचर योजना अनुदान | रु ६५,०००.०० |
| १३ | छात्रवृत्ति वितरण | रु ३९,४००.०० | १३ | दिवा खाजा व्यवस्थापन | रु ३६९,७५०.०० |
| १४ | कक्षाकोठा व्यवस्थापन | रु ७४,४८०.०० | १४ | अक्षयकोष स्थापना | रु ५१४,४२६.०० |
| १५ | शैक्षिक कल्याणकारी पुरस्कार | रु २५,०००.०० | १५ | शैक्षिक कल्याणकारी कोष | रु २५,०००.०० |
| १६ | कक्ष १२ परीक्षा संचालन | रु ७२,६९३.०० | १६ | प्रमाणपत्र शुल्क | रु ४०२,८००.०० |
| १७ | मसलन्द खर्च | रु ३०,८४४.५८ | १७ | शिवधुरी वन उपभोत्ता समितिसहयोग | रु ३३४,०००.०० |
| १८ | विद्युत विल भुक्तानी | रु ६७,८१३.०० | १८ | अभिभावक सहयोग शुल्क | रु १,०२३,६४५.०० |
| १९ | सूचना तथा संचार | रु ६,५००.०० | १९ | लगानी व्याज आम्दानी | रु २३४,४०६.०० |
| २० | पुस्तकालय धरौटी फिर्ता | रु २७,५००.०० | २० | अक्षयकोष व्याज आम्दानी | रु २४६,३१७.०० |
| २१ | मुद्यती खाताको ट्याक्स भुत्तानी | रु २३३,५२३.५७ | २१ | विद्यार्थी फाराम शुल्क आम्दानी | रु १४६,३००.०० |
| २२ | भवन निर्माण खर्च | रु ४,२२३,८२०.६७ | २२ | स्टेशनरी वाट प्राप्त आम्दानी | रु २९८,८००.०० |
| २३ | शौचालय मर्मत | रु १००,०००.०० | ० | विविध आय | रु ३९७,४४९.०० |
| २४ | विद्यालयको वाल पेन्टिङ | रु १०५,०००.०० | २४ | मुद्यती खातवाट प्राप्त व्याज | रु १,५८५,०३१.८९ |
| २५ | भौतिक निर्माण खर्च (गा.पामा विल पेश गरीएको) | रु ६,६४०,३५७.२३ | | | |
| २६ | शैक्षिक तथा व्यवस्थापकीय खर्च (गा.पामा विल पेश गरीएको) | रु ५४१,१०६.०० | | | |
| | यस वर्षको जम्मा रकम खर्च | रु ३०,०९३,५६९.९५ | | यस वर्षको जम्मा आम्दानी | रु २८,५६३,४९५.८९ |
| | हाल सम्मको अल्याह | रु २६,८५९,००७.९१ | | गत वर्षको अल्याह | रु २८,३८९,०८१.९७ |
| | | रु ५६,९५२,५७७.८६ | | | रु ५६,९५२,५७७.८६ |
| | लगानी | रु २,११६,३१७.०० | | लगानी | रु १,८९६,३११.०० |
| | लगानी, अक्षयकोष | रु २,५२५,७६६.०० | | लगानी, अक्षयकोष | रु २,०११,६५५.०० |
| | मुद्यती खाता (नेपाल बैक) | रु १५,०००,०००.०० | | मुद्यती खाता (नेपाल बैक) | रु २०,०००,०००.०० |
| | चल्ती खाता (नेपाल बैक) | रु ७,०५९,२१४.७१ | | चल्ती खाता (नेपाल बैक) | रु ४,४३६,१९९.८९ |
| | चल्ती खाता (सि.वाई.सि. सहकारी ) | रु १५७,३९६.१० | | चल्ती खाता (सि.वाई.सि. सहकारी ) | रु ४४,९१५.४६ |
| | नगद | रु ३१४.१० | | नगद | रु ०.६२ |
| | कुल अल्याह जम्मा | रु २६,८५९,००७.९१ | | कुल अल्याह जम्मा | रु २८,३८९,०८१.९७ |

## अनुसूची २
## शैक्षिक सत्र २०८० को विद्यार्थी विवरण

| कक्ष | जम्मा | | | दलित | | | जनजाती | | | व्राहम/क्षत्री | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| वालविकास | ८ | ११ | १९ | ३ | ७ | १० | १ | २ | ३ | ४ | २ | ६ |
| एक | १ | १० | ११ | १ | १ | २ | ० | २ | २ | ० | ७ | ७ |
| दुइ | २ | ८ | १० | २ | ६ | ८ | ० | ० | ० | ० | २ | २ |
| तीन | १० | ७ | १७ | ६ | २ | ८ | १ | १ | २ | ३ | ४ | ७ |
| चार | ८ | १३ | २१ | ६ | ४ | १० | ० | ३ | ३ | २ | ६ | ८ |
| पाँच | ९ | १० | १९ | ५ | ३ | ८ | १ | २ | ३ | ३ | ४ | ७ |
| कक्षा एक.-पाँच | ३० | ४८ | ७८ | २० | १६ | ३६ | २ | ८ | १० | ८ | २३ | ३१ |
| छ | १२ | १९ | ३१ | ६ | ८ | १४ | २ | १ | ३ | ४ | १० | १४ |
| सात | १७ | १५ | ३२ | ९ | ४ | १३ | १ | ३ | ४ | ७ | ८ | १५ |
| आठ | १३ | २२ | ३५ | ६ | ६ | १२ | ३ | ४ | ७ | ४ | १२ | १६ |
| कक्षा छ-आठ | ४२ | ५६ | ९८ | २१ | १८ | ३९ | ६ | ८ | १४ | १५ | ३० | ४५ |
| नौ | १६ | २६ | ४२ | ८ | १२ | २० | २ | २ | ४ | ६ | १२ | १८ |
| दश | २६ | १९ | ४५ | ९ | ८ | १७ | ८ | ५ | १३ | ९ | ६ | १५ |
| कक्षा नौ-दश | ४२ | ४५ | ८७ | १७ | २० | ३७ | १० | ७ | १७ | १५ | १८ | ३३ |
| एघार | ३६ | २८ | ६४ | १३ | ७ | २० | ७ | ५ | १२ | १६ | १६ | ३२ |
| वाह्र | ३३ | २१ | ५४ | १२ | ५ | १७ | ६ | ३ | ९ | १५ | १३ | २८ |
| कक्षाएघार-१२ | ६९ | ४९ | ११८ | २५ | १२ | ३७ | १३ | ८ | २१ | ३१ | २९ | ६० |
| कक्षा एक-वाह्र | १८३ | १९८ | ३८१ | ८३ | ६६ | १४९ | ३१ | ३१ | ६२ | ६९ | १०० | १६९ |
| वाल विकास-वाह्र | १९१ | २०९ | ४०० | ८६ | ७३ | १५९ | ३२ | ३३ | ६५ | ७३ | १०२ | १७५ |

## अनुसूची ३
## शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षामा कक्षागत प्रथम द्धितीय र तृतीय हुने विद्यार्थीहरुको विवरण

| कक्षा | प्रथम | द्धितीय | तृतीय |
|---|---|---|---|
| के.जी. | सक्षम कँडेल (३.९) | समर कँडेल (३.९) | विहान पुन (३.९) |
| एक | संगम परियार (३.३८) | विवसन परियार (३.५२) | प्रीयङ्का परियार(३.०५) |
| दुई | भिजन न्यौपाने (३.४७) | आयुश्मा कँडेल (३.३७) | सरु कार्कि (३.३७) |
| तीन | प्रकृती रिजाल (३.७५) | आरुषि सुनार (३.३३) | करुणा सुनार (३.३३) |
| चार | अस्मित सापकोटा (३.१८) | किस्मत परियार (३.०१) | सहज सापकोटा (२.९८) |
| पाँच | नविन वि.क. (३.६७) | वचन सुनार (३.३३) | सोनाक्क्षी परियार (३.००) |
| छ | सामना सापकोटा (३.५४) | अर्पण दुरा (३.३४) | प्रतिक्षा कँडेल (३.३२) |
| सात | सुयोग जोशी (३.११) | किञ्जल वि.क. (२.६४) | चिरन पुन (२.५६) |
| आठ | करुणा कँडेल (३.९८) | तरीमा दर्जि (३.३३) | लिन्च वि.क. (३.३०) |
| नौ | विनोद परियार (३.०३) | सुनिल कँडेल (२.३४) | विष्णु गैरे (२.३३) |
| दश | सुदिप कँडेल (३.१५) | सुल्भना सापकोटा (३.१५) | करुण वि.क (३.१०) |
| एघार | विशाल कँडेल (३.२७ ) | तुलसी कँडेल (२.९५) | ज्योति कँडेल, ( २.९५) |
| वाह्र | सुभम पन्त (३.६७) | अजय सुनार (३.०९) | जुन कुमार श्रीष (२.९५) |

## अनुसूची ४
## शैक्षिक सत्र २०७९ मा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण

| सि.नं. | शिक्षकको नामथर | तह/श्रेणी | प्रकार | तलव स्केल | बार्षिक हाजिर | वि.वि. | कै |
|---|---|---|---|---|---|---|---|
| १ | भिष्म कँडेल प्र.अ | मा.वि | स्थायी | ४८७३७ | २२२ | १८५ | |
| २ | रघुपति शर्मा स. प्र. अ | मा.वि | स्थायी | ४३६८९ | २३१ | २२५ | |
| ३ | गणेश प्रसाद कँडेल | मा.वि | स्थायी | ४३६८९ | २३५ | २२४ | |
| ४ | अग्नीराज जोशी | मा.वि | स्थायी | ४३६८९ | २३५ | ४६ | |
| ५ | चन्द्र वहादुर नकाल | मा.वि | स्थायी | ४३६८९ | ९२ | ० | नयाँ नियुक्ति |
| ६ | शंकर प्रसाद कँडेल | उ.मा.वि. | अस्थायी | ४८७३७ | २२८ | ६८ | |
| ७ | दुर्गा वहादुर पुन | उ.मा.वि. | अस्थायी | ४८७३७ | २२६ | ५९ | |
| ८ | भानुभक्त न्यौपाने | मा.वि. | अस्थायी | ४३६८९ | २३४ | ५७ | |
| ९ | चन्द्रकान्त अर्याल | मा.वि. | अस्थायी | ४३६८९ | २३४ | ० | अवकास |
| १० | राधा शर्मा | नि.मा.वि. | स्थायी | ३४७३० | २२७ | ८४ | |
| ११ | राम बहादुर बुढा | नि.मा.वि | स्थायी | ३४७३० | १७७ | ३४ | सरुवा |
| १२ | सरस्वती बि.क. | नि.मा.वि. | राहत | ३४७३० | २२३ | १०१ | |
| १३ | मायाँदेवि सापकोटा | नि.मा.वि. | अस्थायी | ३४७३० | १९३ | ३२ | |
| १४ | यज्ञ प्रसाद शर्मा | प्रा.वि. | स्थायी | ३४७३० | २३७ | ३६२ | |
| १५ | ऋषिराम कँडेल | प्रा.वि. | स्थायी | ३४७३० | २३२ | १४७ | |
| १६ | भूमिराज कँडेल | प्रा.वि. | स्थायी | ३४७३० | २२३ | १४४ | |
| १७ | सिता कँडेल | प्रा.वि. | स्थायी | ३२९०२ | १८८ | ३८ | सरुवा |
| १८ | डिलाराम कँडेल | प्रा.वि. | स्थायी | ३२९०२ | २३१ | २३८ | |
| १९ | गणेश पोखरेल | प्रा.वि. | अस्थायी | ४३६८९ | २१३ | १ | |
| २० | पवित्रा शर्मा सुवेदी | प्रा.वि. | स्थायी | ३२९०२ | २ | ० | नयाँ नियुक्ति |
| २१ | सरस्वती शर्मा | प्रा.वि. | स्थायी | ३२९०२ | २ | ० | नयाँ नियुक्ति |
| २२ | दामोदर शर्मा | लेखापाल | अस्थायी | ३०२०० | २२० | ८० | |
| २३ | मणिभद्र कँडेल | प्रा.वि. | राहत | ३२९०२ | २२५ | १५९ | |
| २४ | पार्वती कँडेल | प्रा.वि. | राहत | ३२९०२ | २२५ | ३९ | |
| २५ | स्मीता शर्मा | मा.वि. | निजिस्रोत | ४८७३७ | २३२ | ८४ | |
| २६ | गंगादत्त कँडेल | प्रा.वि. | निजिस्रोत | २८६१० | २३३ | ४७ | |
| २७ | सम्झना कँडेल | लाइवेरियन | निजिस्रोत | २८६१० | २३२ | १५२ | |
| २८ | लिला कँडेल | सहजकर्ता | अस्थायी | १५००० | २२८ | ४५ | |
| २९ | कमला कँडेल | सहयोगी | अस्थायी | १५००० | २२७ | २७ | |
| ३० | लाल कुमारी क्षेत्री | सहयोगी | अस्थायी | १५००० | २१७ | ८९ | |

## अनुसूची ५

### विद्यालयलय स्थापनाकाल (२०२२) का संस्थापकहरु

| | | | |
|---|---|---|---|
| श्री गोविन्द प्रसाद शर्मा कँडेल<br>संस्थापक अध्यक्ष | स्व. प्रजापति कँडेल<br>संस्थापक | स्व. हरिलाल वि.क.<br>संस्थापक | श्री टेकनारायण श्रेष्ठ<br>संस्थापक |
| स्व. कमलापति कँडेल<br>संस्थापक | श्री विष्णुप्रसाद कँडेल<br>संस्थापक | स्व. चण्डिप्रसाद कँडेल<br>संस्थापक | श्री खगराज कँडेल<br>संस्थापक |
| श्री जयलाल कँडेल<br>संस्थापक | श्री हर्कमान वि.क.<br>संस्थापक | स्व. जगवहादुर घर्ति<br>संस्थापक | स्व. पूर्ण वहादुर काउचा<br>संस्थापक |
| श्री शशिधर कँडेल<br>संस्थापक | स्व. बालकृष्ण कँडेल<br>संस्थापक | श्री नन्दराम कँडेल<br>संस्थापक | स्व. हर्कबहादुर पुन (जि)<br>संस्थापक |
| स्व. पशुपति कँडेल (जि)<br>संस्थापक | स्व. सु. जयभद्र कँडेल<br>संस्थापक | श्री गौरिश्वर कँडेल<br>संस्थापक | स्व. वलिभद्र कँडेल<br>संस्थापक |
| स्व. गौरिश्वर कँडेल<br>संस्थापक | श्री देवि प्रसाद कँडेल<br>संस्थापक | स्व. मणिराज श्रेष्ठ<br>संस्थापक | |
| श्री भानुभक्त सुवेदी<br>संस्थापक सहयोगी | स्व. कृपाशुर पुन<br>संस्थापक सहयोगी | स्व. टेक वहादुर पुन<br>संस्थापक सहयोगी | स्व. डण्डपानी न्यौपाने<br>संस्थापक सहयोगी |
| स्व. दुर्गादत्त कँडेल<br>संस्थापक सहयोगी | | | |

## अनुसूची ६

### विद्यालयलय स्थापनादेखि हालसम्मका प्रधानाध्यापकहरु

| सि.नं | नामथर | मिति | कैफियत |
|---|---|---|---|
| १ | भिमसेन प्रसाद श्रेष्ठ | २०२२/०६/०१ देखी | |
| २ | गजेन्द्र बहादुर के.शी | २०२२ देखी २०२३/०५/०१ सम्म | |
| ३ | चिरन्जीवी उपाध्याय | २०२३/०५/०२ देखी २०२४/०४/३० सम्म<br>२०२५/११/०१ देखी २०२७/१०/२९ सम्म<br>२०२८/०१/०१ देखी २०२८/०८/३० सम्म | |
| ४ | सोमेन्द्रनाथ नेवा | २०२४/०५/०१ देखी २०२५/१०/२९ सम्म | |
| ५ | कलानिधी कँडेल | २०२७/११/०१ देखी २०२७/१२/३० सम्म | |
| ६ | भवानी पाण्डे | २०२८/०९/०१ देखी २०२८/१०/०९ सम्म | |
| ७ | माधव प्रसाद गौतम | २०२८/१०/१० देखी २०३१/१२/३० सम्म | |
| ८ | दिल बहादुर क्षेत्री | २०३२/०१/०३ देखी २०३३/०१/०९ सम्म | |
| ९ | हरिभक्त कँडेल | २०३३/०३/१० देखी २०४३/१०/१७ सम्म | |
| १० | केशव प्रसाद कँडेल | २०३४/१०/१८ देखी २०४४/०६/०९ सम्म | |
| ११ | हरिप्रसाद कँडेल | २०४४/०६/१० देखी २०७३।०५।०६ सम्म | |
| १२ | भिष्म कँडेल | २०७३।०४।०७ देखी २०७५।०९।०९ सम्म | |
| १३ | रघुपति शर्मा | २०७५।०९।१० देखी २०७५।०९।२८ सम्म | |
| १४ | भिष्म कँडेल | २०७५।०९।२९ देखी हालसम्म | |

## अनुसूची ७

### विद्यालयलय स्थापनादेखि हाल सम्मका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु

| सि.नं | नामथर | मिति | कैफियत |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद शर्मा कँडेल | २०२२।०६।०१ देखी २०२५।०६।०१ सम्म<br>२०२५।०७।१० देखी २०२८।०१।०१ सम्म | |
| २ | बालकृष्ण कँडेल | २०२८।०२।०१ देखी २०२८/०७/२५ सम्म<br>२०३१।१२।३१ देखी २०३५।१२।०१ सम्म | |
| ३ | चण्डीप्रसाद कँडेल | २०२८/०७/२६ देखी २०३१/१२/३० सम्म | |
| ४ | बिष्णुप्रसाद कँडेल | २०३६/०२/२१ देखी २०३७/१२/३० सम्म | |
| ५ | खगराज कँडेल | २०३७/१२/३१ देखी २०४५/०२/२८ सम्म | |
| ६ | प्रजापति शर्मा | २०४९/०७/०७ देखी २०५१/१२/०४ सम्म | |
| ७ | कमलापति कँडेल | २०५३।०९।१६ देखी २०५६।०६।२० सम्म<br>२०६१।१०।२६ देखी २०६४।०५।०४ सम्म | |
| ८ | देविलाल कँडेल | २०५९।०५।१६ देखी २०६१।०५।१८ सम्म | |
| ९ | नविन प्रसाद कँडेल | २०६४।०७।२९ देखी २०६७।०७।२० सम्म | |
| १० | महेन्द्र पुन | २०६८।०४।१४ देखी २०७१।०४।१४ सम्म | |
| ११ | कृष्णप्रसाद कँडेल | २०७१।१०।२४ देखी २०७३।०९।१३ सम्म | |
| १२ | शिबप्रसाद कँडेल | २०७४।१०।२७ देखी २०७९।०५।०४ सम्म | |
| १३ | ज्ञामनाथ कँडेल | २०७९।०५।०५ देखी हालसम्म | |
| | | | |

## अनुसूची ७

## विद्यालयलय स्थापनादेखि हालसम्मका विद्यार्थी विवरण

| साल | छात्र | छात्रा | जम्मा | कै | साल | छात्र | छात्रा | जम्मा | कै | साल | छात्र | छात्रा | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०२२ | ५ | ० | ५ | | २०४६ | ३१३ | १०३ | ४१६ | | २०७० | २५३ | ३३० | ५८३ | |
| २०२३ | २३ | ० | २३ | | २०४७ | ३८९ | १४९ | ४५८ | | २०७१ | २२६ | ३०९ | ५३५ | |
| २०२४ | ६२ | ० | ६२ | | २०४८ | ३१९ | १४८ | ४६७ | | २०७२ | २६१ | ३१३ | ५७४ | |
| २०२५ | ७८ | १ | ७९ | | २०४९ | २८१ | १४५ | ४३६ | | २०७३ | २४९ | २९९ | ५४८ | |
| २०२६ | ५५ | १ | ५६ | | २०५० | ३२८ | १६८ | ४९६ | | २०७४ | २२६ | २९४ | ५२० | |
| २०२७ | ५३ | ० | ५३ | | २०५१ | ३४० | १९६ | ५३६ | | २०७५ | २४० | ३२३ | ५६३ | |
| २०२८ | ५१ | २ | ५३ | | २०५२ | ३३३ | १९२ | ५२५ | | २०७६ | २०६ | २८४ | ४९० | |
| २०२९ | ४३ | ३ | ४६ | | २०५३ | ३२७ | २२९ | ५५६ | | २०७७ | २१३ | २९६ | ४६९ | |
| २०३० | ३६ | २ | ३८ | | २०५४ | २६७ | २३० | ४९७ | | २०७८ | २१३ | २५६ | ४६९ | |
| २०३१ | ५६ | ३ | ५९ | | २०५५ | २६३ | २३१ | ४९४ | | २०७९ | २१७ | २३० | २२७ | |
| २०३२ | १३८ | ८ | १४६ | | २०५६ | २५३ | २७८ | ५३१ | | २०८० | २१० | १९१ | ४०१ | |
| २०३३ | १०२ | ८ | ११० | | २०५७ | ३११ | २७१ | ५८२ | | | | | | |
| २०३४ | ९८ | ७ | १०५ | | २०५८ | ३४४ | ३५२ | ६९६ | | | | | | |
| २०३५ | ९८ | ६ | १०४ | | २०५९ | ३५८ | ३७३ | ७३१ | | | | | | |
| २०३६ | १२३ | ५ | १२८ | | २०६० | ३११ | ३४४ | ६९६ | | | | | | |
| २०३७ | १६० | २३ | १८३ | | २०६१ | ३८२ | ४२५ | ८०७ | | | | | | |
| २०३८ | २११ | २० | २३१ | | २०६२ | ३७१ | ४१० | ७८१ | | | | | | |
| २०३९ | २१० | ३२ | २४२ | | २०६३ | ३६८ | ४०५ | ७७३ | | | | | | |
| २०४० | २५३ | ४१ | २९४ | | २०६४ | ३६३ | ४११ | ७७४ | | | | | | |
| २०४१ | २४१ | ५९ | ३०० | | २०६५ | ३०८ | ४०१ | ७०९ | | | | | | |
| २०४२ | २३५ | ६० | ३१३ | | २०६६ | २८८ | ४४४ | ७३२ | | | | | | |
| २०४३ | २७३ | ७२ | ३४५ | | २०६७ | २९५ | ४०७ | ७०२ | | | | | | |
| २०४४ | २९७ | ८१ | ३७८ | | २०६८ | २५२ | ३५१ | ५९३ | | | | | | |
| २०४५ | ३०९ | १०७ | ४१६ | | २०६९ | २४८ | ३६६ | ६१४ | | | | | | |